# Nepali: Unlocked Literal Bible for १ थेसलोनिकी

Formatted for Translators



generated on Tue Jun 17 07:44:14 2025

©2022 Wycliffe Associates
Released under a Creative Commons Attribution-ShareAlike 4.0 International License.

Bible Text: The English Unlocked Literal Bible (ULB)
©2017 Wycliffe Associates
Available at https://bibleineverylanguage.org/translations
The English Unlocked Literal Bible is based on the unfoldingWord® Literal Text, CC BY-SA 4.0. The original work of the unfoldingWord® Literal Text is available at https://unfoldingword.bible/ult/.
The ULB is licensed under the Creative Commons Attribution-ShareAlike 4.0 International License.

Notes: English ULB Translation Notes
©2017 Wycliffe Associates
Available at https://bibleineverylanguage.org/translations
The English ULB Translation Notes is based on the unfoldingWord translationNotes, under CC BY-SA 4.0. The original unfoldingWord work is available at https://unfoldingword.bible/utn.
The ULB Notes is licensed under the Creative Commons Attribution-ShareAlike 4.0 International License.

To view a copy of the CC BY-SA 4.0 license visit http://creativecommons.org/licenses/by-sa/4.0/

Below is a human-readable summary of (and not a substitute for) the license.
You are free to:

Share — copy and redistribute the material in any medium or format. Adapt — remix, transform, and build upon the material for any purpose, even commercially.

The licensor cannot revoke these freedoms as long as you follow the license terms.
Under the following conditions:

Attribution — You must attribute the work as follows: "Original work available at https://BibleInEveryLanguage.org." Attribution statements in derivative works should not in any way suggest that we endorse you or your use of this work. ShareAlike — If you remix, transform, or build upon the material, you must distribute your contributions under the same license as the original. No additional restrictions — You may not apply legal terms or technological measures that legally restrict others from doing anything the license permits.

Notices:
You do not have to comply with the license for elements of the material in the public domain or where your use is permitted by an applicable exception or limitation.
No warranties are given. The license may not give you all of the permissions necessary for your intended use. For example, other rights such as publicity, privacy, or moral rights may limit how you use the material.

# १ थेसलोनिकी

1 [1]पावल, सिलास र तिमोथीबाट थेसलोनिकीहरूको मण्डलीलाई परमेश्वर पिता र प्रभु येशू ख्रीष्टमा अनुग्रह र शान्ति ।[2]तिमीहरू सबैका लागि हामी परमेश्वर पितालाई
धन्यवाद चढाउछौँ र हाम्रो प्रार्थनामा तिमीहरूलाई याद गर्छौं । [3]हामी निरन्तर रूपमा तिमीहरूको विश्वासको काम, प्रेमको परिश्रम र आत्मविश्वासको धैर्यलाई सम्झना
गर्छौं जुन परमेश्वर पिताको सामु हाम्रा प्रभु येशू ख्रीष्टमा भएको भविष्यको कारणले गर्दा हो ।[4]परमेश्वरबाट प्रेम पाएका भाइहरूलाई, तिमीहरूको बोलावट हामीलाई थाहा
छ । [5]हाम्रो सुसमाचार तिमीहरूकहाँ कसरी आयो, वचनमा मात्र होइन, तर शक्तिमा, पवित्र आत्मामा, र धेरै निश्चयतामा । तिमीहरूका खातिर हामी कस्ता मानिसहरू हौं,
सो तिमीहरूलाई थाहा छ ।[6]तिमीहरू हाम्रो र प्रभुको देखासिकी गर्नेहरू भयौ जसरी तिमीहरूले कष्टमा वचन पायौ र आनन्द र पवित्र आत्मामा ग्रहण गर्‍यौ । [7]त्यसैले,
तिमीहरू सबै माकेडोनिया र अखैयामा विश्वास गर्नेहरू सबैका बिचमा उदाहरण भयौ ।[8]तिमीहरूबाट परमेश्वरको वचन माकेडोनिया र अखैयामा मात्र प्रचार भएको होइन,
तर तिमीहरूको विश्वास हरेक ठाउँमा फैलिएको छ । त्यसैले, हामीलाई केही भन्नु आवश्यक छैन । [9]हाम्रो विषयमा तिनीहरू आफैले भन्छन्, कि हामीलाई तिमीहरूले
कस्तो प्रकारले स्वीकार गरेका थियौ र कसरी तिमीहरू मूर्तिपूजा गर्न छोडेर जीवित र साँचो परमेश्वरको सेवा गर्न फर्क्यौ । [10]र उहाँका पुत्र स्वर्गबाट आउने समयलाई
पर्खिराखेका छौ, जसलाई उहाँले मृतकबाट जीवित पार्नुभयो । उहाँ येशू हुनुहुन्छ जसले हामीलाई आउने वाला क्रोधबाट छुटकारा दिनुहुन्छ ।

2 [1]भाइहरू हो, तिमीहरू आफैलाई थाहा छ कि तिमीहरूमा हाम्रो आगमन बेकम्मा थिएन, [2]तर तिमीहरूलाई थाहा छ, हामीले पहिला नै कष्ट भोग्यौं र फिलिप्पिमा
हामीलाई निर्लज्जपूर्वक व्यवहार गरियो । हामी ठुलो विवादको बिचमा पनि तिमीहरूसँग परमेश्वरको सुसमाचार बताउन परमेश्वरमा साहसी भयौं ।[3]किनभने हाम्रो
उपदेश गलत कुराबाट होइन न त अशुद्ध, न छलबाट नै आएको हो, [4]तर जसरी परमेश्वरले हामीहरूलाई सुसमाचार सुम्पिएको व्यक्तिको रूपमा स्वीकृति दिनुभएको छ,
त्यसैले हामी मानिसलाई होइन तर हाम्रो हृदय जाँच्नुहुने परमेश्वरलाई खुसी पार्नलाई बोल्छौं ।[5]तिमीहरूलाई थाहा छ र परमेश्वर पनि साक्षी हुनुहुन्छ कि हामीले कुनै पनि
बेला चाप्लुसी गरेनौं, न त लोभको निम्ति बहाना नै बनायौं, [6]न त हामीले मानिसहरूबाट महिमा खोज्यौं, न त तिमीहरूबाट या अरूहरूबाट नै, जब कि हामीले ख्रीष्टको
प्रेरितहरूको रूपमा विशेष सुविधाहरूको दाबी गर्न सक्थ्यौं ।[7]यसको सट्टा हामीहरू तिमीहरूका माझमा एउटा आमाले आफ्ना बाल बच्चालाई सान्त्वना दिएजस्तै भद्र भयौं
। [8]यसरी तिमीहरूप्रति हाम्रो गहिरो प्रेम थियो, हामी तिमीहरूसँग परमेश्वरको सुसमाचार बाँड्न मात्र होइन, तर हाम्रो जीवन बाँड्न पनि खुसी थियौं किनकि तिमीहरू हाम्रो
निम्ति अति प्रिय भएका छौ । [9]किनभने भाइहरू हो, तिमीहरूलाई हाम्रो परिश्रम र काम याद छ, कि हामीले तिमीहरूलाई परमेश्वरको सुसमाचार प्रचार गर्दै हामी तिमीहरू
कसैलाई बोझ नबनौं भनेर हामीले दिनरात काम गर्‍यौं ।[10]हामीले तिमीहरू विश्वास गर्नेहरूसित कति पवित्रता, धार्मिकता र कपटरहित व्यवहार गर्‍यौं भन्ने कुराको साक्षी
तिमीहरू छौ र परमेश्वर पनि हुनुहुन्छ, [11]तिमीहरूलाई पनि थाहा छ, कि हामीले तिमीहरू हरेकलाई कसरी एउटा बुबाले आफ्ना छोराछोरीलाई गरे झैं तिमीहरूलाई उत्साह,
सान्त्वना दियौं र गवाही दियौं, [12]कि तिमीहरू परमेश्वरको योग्यको भएर हिँड्न सक जसले तिमीहरूलाई उहाँको राज्य र महिमामा बोलाउनुहुन्छ ।[13]यही कारणको निम्ति
हामी परमेश्वरलाई निरन्तर धन्यवाद दिन्छौं । किनकि तिमीहरूले जब हामीबाट परमेश्वरको सन्देशको वचन पायौ तिमीहरूले मानिसको वचनको रूपमा मात्र ग्रहण गरेनौ,
तर साँच्चै परमेश्वरको वचनको रूपमा नै ग्रहण गर्‍यौ, जुन वचनले विश्वास गर्नेहरूमा पनि काम गर्छ ।[14]किनभने भाइहरू हो, तिमीहरू ख्रीष्ट येशूमा भएका यहूदियाका
मण्डलीबिच तिमीहरू परमेश्वरको मण्डलीको नक्कल गर्नेहरू भएका छौ किनभने तिनीहरूले यहूदीहरूबाट सतावट पाएजस्तै तिमीहरू पनि आफ्नै मानिसहरूबाट
सताइएका छौ । [15]जसले प्रभु येशू र अगमवक्ताहरूलाई मारे र हामीलाई पनि धपाए, जसले परमेश्वरलाई खुसी पार्दैनन, तर सबै मानिसहरूप्रति शत्रुता राख्छन् ।
[16]तिनीहरू सदैव तिनीहरूका पापहरूबाट भरिन हामीहरूलाई गैरयहूदीहरूले उद्धार पाऊन् भनेर बोल्न दिँदैनन् । तिनीहरूमाथि क्रोध चरम रूपमा आएको छ ।[17]भाइहरू
हो, हामीहरू छोटो समयको निम्ति हृदयमा होइन, तर उपस्थितिमा छुट्ट्याइएका थियौं र हामीले तिमीहरूलाई भेट गर्नलाई सक्दो तीव्र इच्छा गर्‍यौं । [18]किनभने हामी
तिमीहरूकहाँ आउन चाहन्थ्यौं । म पावलले बारम्बार कोसिस गरें, तर शैतानले हामीलाई बाधा दियो । [19]किनभने हाम्रा प्रभु येशूको आगमनमा उहाँको सामु हाम्रो भविष्यको
निम्ति दृढ आनन्द वा महिमाको मुकुट अरूहरू जति नै तिमीहरू नै होइनौ र ? [20]किनभने तिमीहरू हाम्रो महिमा र आनन्द हौ ।

3 [1]यसकारण जब हामीले अरू धेरै सहन सकेनौं, तब हामीले एथेन्समा एक्लै रहन उचित ठान्यौं । [2]तिमीहरूको विश्वास दह्रिलो पार्न र तिमीहरूलाई सान्त्वना दिन हामीले
हाम्रा भाइ तिमोथीलाई पठायौं जो ख्रीष्टका सुसमाचारमा परमेश्वरका सेवक हुन् , 1 [3]ताकि यी कष्टहरूबाट कोही नखल्बलियोस् । किनकि तिमीहरू आफैलाई थाहाछ
कि यसैको खातिर हामी नियुक्त भएका छौं ।[4]साँच्चै जब हामीहरू तिमीहरूसँग थियौं, हामीले पहिले नै भनेका थियौं कि हामी कष्टमा पर्न लागेका थियौं , र तिमीहरूलाई
थाहा नै छ यो हुन आयो । [5]यसैकारण, जब मैले सहनै सकिनँ, मैले तिमीहरूको विश्वासबारे जान्न पठाएँ । कतै परीक्षा गर्नेवालाले तिमीहरूलाई कुनै न कुनै रूपमा
परीक्षामा पार्‍यो र हाम्रो मेहनत व्यर्थमा गयो कि ।[6]तर तिमोथी तिमीहरू कहाँबाट विश्वास र प्रेमको सुसमाचार लिएर हामी कहाँ आए। तिनले हामीलाई भने कि
तिमीहरूसँग सधैँ हामीसँगका असल क्षणहरूको सम्झना छ, र जसरी हामी तिमीहरूलाई भेट्न उत्कट इच्छा गर्छौं त्यसै गरी तिमीहरू पनि हामीलाई हेर्न उत्कट इच्छा गर्छौ
। [7]यसैले गर्दा, भाइहरू हो, हाम्रा सबै निराश र कष्टकर अवस्थामा तिमीहरूको विश्वासद्वारा हामीलाई सान्त्वना मिलेको थियो।[8]यदि तिमीहरू प्रभुमा स्थिर रह्यौ भने, अब
हामी साँच्चै जिउँछौं। [9]तिमीहरूका कारण हामीमा भएको सम्पूर्ण आनन्दको खातिर परमेश्वरको सामु हामी कसरी परमेश्वरलाई धन्यवाद चढाऔं? [10]तिमीहरूको मुहार हेर्न
र तिमीहरूको विश्वासमा जुन कुराको कमी छ, सो दिन सकौं भनेर दिनरात हामी कडा मेहनतसाथ प्रार्थना गर्छौं ।[11]हाम्रा परमेश्वर, र पिता आफैले र हाम्रा प्रभु येशूले,
तिमीहरूकहाँ आउने ढोका खोलिदिऊन्। [12]प्रभुले तिमीहरूलाई एक अर्काप्रति र सबै मानिसहरूप्रति प्रेममा प्रशस्त गरी बढ्दै जान दिऊन्, जसरी हामी तिमीहरूप्रति गर्छौं ।
[13]उहाँले तिमीहरूका हृदयहरूलाई बलियो बनाऊन् ताकि हाम्रा प्रभु येशू उहाँका सबै पवित्र जनहरूसँग आउनुहुँदा उहाँले हाम्रा परमेश्वर र पिताका सामु तिनीहरू पवित्रतामा
निष्कलङ्क हुन सकून् ।

---

1केही महत्वपूर्ण र प्राचीन ग्रीक प्रतिलिपिमा पाउँछौं हामीले तिमोथीलाई पठायौं, हाम्रा भाइ र ख्रीष्टको सुसमाचारमा परमेश्वरको सेवक ।

---

4
[1]अन्तमा भाइहरू हो, येशू ख्रीष्टमा हामी तिमीहरूलाई उत्साह र अर्ती दिन्छौं। जसरी तिमीहरूले हामीबाट कसरी चल्नुपर्ने र परमेश्वरलाई रिजाउनुपर्ने हो भन्ने अर्ती पायौ,
त्यसरी नै तिमीहरू चल, ताकि तिमीहरूले अझै बढी गर्न सक । [2]किनकि तिमीहरूलाई थाहा छ, हामीले प्रभु येशू ख्रीष्टद्वारा तिमीहरूलाई के अर्ती दियौं।[3]किनकि
तिमीहरूको पवित्रीकरण परमेश्वरको इच्छा हो, कि तिमीहरू यौन अनैतिकताबाट टाढै बस । [4]ताकि तिमीहरू प्रत्येकले पवित्रता र सम्मानमा आफ्नो भाँडो कसरी राख्ने
भनी जान्न सक, [5](परमेश्वरलाई नचिन्ने गरैयहूदीहरू जस्तै) कामवासनामा जलेर होइन । [6]यो कुरामा कुनै मानिसले पाप नगरोस् र आफ्नो भाइलाई गलत नसम्झोस् ।
किनकि यी सबै कुराको बदला प्रभुले लिनुहुन्छ जसरी हामीले तिमीहरूलाई अगाडि नै चेतावनी र साक्षी दियौं ।[7]किनकि परमेश्वरले हामीलाई अशुद्धताको लागि
बोलाउनुभएन, तर पवित्रताको लागि हो । [8]त्यसकारण, जसले यो इन्कार गर्छ त्यसले मानिसलाई होइन, तर परमेश्वरलाई इन्कार गर्छ, जसले तिमीहरूलाई आफ्ना पवित्र


generated on Tue Jun 17 07:44:14 2025

आत्मा दिनुहुन्छ ।[9]भाइहरूप्रतिको प्रेमको विषयमा तिमीहरूलाई कसैले केही लेख्न जरुरी छैन, किनकि एक अर्कोलाई प्रेम गर्ने विषयमा तिमीहरू परमेश्वरबाट सिकाइएका
छौ । [10]वास्तवमा तिमीहरूले माकेडोनियामा भएका सबै दाजुभाइहरूलाई यसो गरेका छौ, तर भाइहरू, हामी तिमीहरूलाई आग्रह गर्छौं कि यो अझै बढी गर । [11]हामीले
तिमीहरूलाई आग्रह गरेझैँ शान्त रहने, आफ्नै धन्दामा मन लगाउने र आफ्नै हातले परिश्रम गर्ने गर जसरी हामीले आज्ञा दियौं, [12]ताकि विश्वासभन्दा बाहिर भएकाहरूका
अघि तिमीहरू ठिक प्रकारले जिउन सक र तिमीहरूलाई कुनै कुराको अभाव नहोस् ।[13]भाइहरू हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अन्जान बस भन्ने हामी चाहन्नौं
ताकि बाँकीका, आशा नहुनेहरू जस्तै तिमीहरूले शोक गर्न नपरोस् । [14]येशू मर्नुभयो र फेरि जीवित हुनुभयो भनी हामी विश्वास गर्छौं भने परमेश्वरले पनि जो-जति येशूमा
सुतेका छन् तिनीहरूलाई उहाँमा जीवित पार्नुहुनेछ । [15]परमेश्वरको वचनद्वारा हामी तिमीलाई यसो भन्छौं कि हामी जो जीवित छौं र प्रभुको आगमनसम्म बाँचिरहन्छौं,
हामीले कुनै हालतमा पनि सुतिगएकाहरूलाई उछिन्नेछैनौं ।[16]किनकि प्रभु आफै स्वर्गबाट ओर्लनुहुनेछ। उहाँ चर्को सोर, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको
गर्जनका साथ आउनुहुनेछ र ख्रीष्टमा मरेकाहरू पहिले जीवित हुनेछन् । [17]तब हामी जो जीवित छौं, छोडिएका छौं, उठाई लगिएकाहरूसँग बादलमा एकसाथ आकाशमा
प्रभुलाई भेट्नेछौं । यसरी हामी सदासर्वदा प्रभुसँगै हुनेछौं । [18]त्यसकारण, यी वचनहरूले एक अर्कालाई सान्त्वना देओ ।

# 5

[1]अब भाइहरू हो, तिमीहरूलाई समय र ऋतुहरूको बारेमा कुनै कुरा लेखिरहनु जरुरत छैन । [2]किनकि तिमीहरू आफैले राम्ररी जान्दछौ कि प्रभुको आगमनको समय, राती
आउने चोरको जस्तै हुनेछ । [3]जब तिनीहरूले “शान्ति र सुरक्षा” भन्छन् तब तिनीहरूमाथि अचानक विनाश आइपर्नेछ । त्यो गर्भवती स्त्रीलाई प्रसव-वेदना भएझैं हुनेछ।
तिनीहरू कुनै पनि किसिमले उम्कनेछैनन् ।[4]तर भाइहरू हो, त्यो दिन तिमीहरूमाथि चोरझैं आइपर्नलाई तिमीहरू अन्धकारमा छैनौ । [5]किनकि तिमीहरू सबै प्रकाशका
सन्तानहरू र दिनका सन्तानहरू हौ । हामी रातका सन्तान होइनौं, न त अन्धकारका नै । [6]त्यसैले, हामी बाँकी अरूहरूझैं नसुतौं । बरु हामी जागा रहौं र गम्भीर हौं ।
[7]किनकि सुत्नेहरू रातमा नै सुत्छन् र पिएर मात्नेहरू रातमा नै मात्छन् ।[8]तर हामी दिनका सन्तानहरू भएकाले हामी गम्भीर हुनुपर्छ, विश्वास र प्रेमको छाती-पाता र
मुक्तिको आशाको टोप लगाउनुपर्छ । [9]किनकि परमेश्वरले हामीलाई क्रोधको निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्तिको निम्ति चुन्नुभयो । [10]उहाँ हाम्रो निम्ति
मर्नुभयो ताकि हामी जागा हौं वा निन्द्रामा, हामी उहाँसँगै जिउन सकौं । [11]यसकारण, तिमीहरूले अगिदेखि गरेजस्तै एक अर्कालाई सान्त्वना देऊ र निर्माण गर ।[12]भाइहरू
हो, हामीले तिमीहरूमाझ परिश्रम गर्नेहरूप्रति र प्रभुमा तिमीहरूभन्दा माथि भएकाहरूप्रति र तिमीहरूलाई उत्साह दिनेहरूप्रति कृतज्ञ हुनलाई आग्रह गर्छौं । [13]तिनीहरूको
कामको खातिर प्रेममा उच्च आदरले तिनीहरूलाई सम्झनलाई पनि हामी तिमीहरूलाई आग्रह गर्छौं । तिमीहरू आपसमा शान्तिमा रहो । [14]भाइहरू हो, हामी तिमीहरूलाई
आग्रह गर्छौं: गोलमाल गर्नेहरूलाई चेतावनी देआे, निरुत्साहित भएकाहरूलाई उत्साह देआे, कमजोरलाई सहायता गर र सबैसँग धैर्यवान् होआे ।[15]हेर, कसैले खराबीको
बदला खराबी नगरोस्, बरु एक अर्कालाई र सबैलाई असल गर्ने प्रयत्न गर । [16]सदैव आनन्द गर । [17]नरोकी प्रार्थना गरिरहो । [18]हरेक कुरामा धन्यवाद देओ । किनकि यो
तिमीहरूको निम्ति ख्रीष्ट येशूमा परमेश्वरको इच्छा हो ।[19]पवित्र आत्मालाई ननिभाओ । [20]अगमवाणीहरूलाई अवहेलना नगर । [21]सबै कुराको जाँच गर । जे असल छ
त्यसमा लागिरहो । [22]सबै किसिमको खराबीलाई टाढै बस ।[23]शान्तिका परमेश्वरले तिमीहरूलाई पूर्ण रूपमा पवित्र पारून् । र तिमीहरूका सम्पूर्ण आत्मा, प्राण, र शरीरलाई
हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा दोषरहित राखून् । [24]तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, जसले यो पनि गर्नुहुनेछ ।[25]भाइहरू हो, हाम्रो निम्ति पनि प्रार्थना
गर । [26]सबै भाइहरूलाई पवित्र चुम्बनले अभिवादन गर । [27]म प्रभुद्वारा तिमीहरूलाई बिन्ती गर्छु, कि यो पत्र सबै भाइहरूका निम्ति पनि पढियोस् । [28]हाम्रा प्रभु येशू ख्रीष्टको
अनुग्रह तिमीहरूसँग रहोस् ।


generated on Tue Jun 17 07:44:14 2025